नीति संक्षेप

# नागरिक आवाज र सुधारको सम्भावना

## गण्डकी प्रदेशको एक अध्ययन

नागारिक असन्तुष्टि नेपालमा ऐतिहासिक रूपमा महत्वपूर्ण राजनीतिक तथा सामाजिक रूपान्तरणको उत्प्रेरक रही आएको छ । यस्ता परिवर्तनहरूले शासन प्रक्रियामा नागरिक समावेशीताको चाहना तथा अधिकारको अभ्यासलाई प्रतिबिम्बित गर्दछ । नेपालमा असन्तुष्टि ऐतिहासिक, राजनीतिक, आर्थिक र सामाजिक कारणहरूको मिश्रणबाट आएको देखिन्छ । जनआन्दोलन २०६२/६३ पछि जारी भएको अन्तरिम संविधान र त्यसको जगमा भएको निर्वाचनपछि गठित संविधानसभाको पहिलो बैठकले २०६५ जेठ १५ गते नेपाललाई सङ्घीय लोकतान्त्रिक गणतन्त्र घोषणा गऱ्यो । घोषणासँगै २ सय ३८ वर्ष लामो राजतन्त्रको अन्त्य भयो । सुरुमा नागरिकहरूले संघीय प्रणालीबाट उच्च अपेक्षा राखे तापनि धेरै ले अहिले शासनको अनिपुणता, भ्रष्टाचार, जवाफदेहिताको अभाव, असमान विकास र अपर्याप्त सेवा प्रवाहप्रति निराशा व्यक्त गर्ने गरेका छन् । राजनीतिक अस्थिरता र आर्थिक कठिनाइहरूले यी समस्याहरू झन् गहिरिँदै गएको देखिन्छ ।

यसै पृष्ठभूमिमा, 'नागरिक आवाज र सुधारको सम्भावना : गण्डकी प्रदेशको एक अध्ययन' मार्फत नागरिक असन्तुष्टिको आयाम, अभिव्यक्ति र परिणामहरूको खोजी गर्ने जमर्को गरिएको छ । यसले सरकारप्रति जनताको धारणा, उनीहरूको व्यक्तिगत अनुभव र अपेक्षाहरूलाई विश्लेषण गरी नागरिक असन्तुष्टिका मूल कारणहरूबारे बुझ्न सघाउँछ । यी दृष्टिकोणहरूसँगै, यस अनुसन्धानले शासनमा नागरिक संलग्नतासम्बन्धी प्राज्ञिक तथा नीतिगत विमर्शलाई समृद्ध बनाउँदै नागरिक असन्तुष्टिका जटिलताहरूको बुझाइका लागि भावी अध्ययनहरूका लागि महत्वपूर्ण आधारहरू प्रस्तुत गरेको छ । यो अनुसन्धानमा नीतिगत, संस्थागत तथा प्रणालीगत व्यवस्थाले नागरिकको सार्वजनिक गुनासोको सम्बोधन कसरी गर्न सकिन्छ भन्ने सुझावहरू दिइएको छ ।

## अध्ययन विधि


गण्डकी प्रदेशका पाँच जिल्ला-नवलपुर, गोरखा, कास्की, म्याग्दी र मुस्ताङमा आधारित यस अध्ययनले नागरिक असन्तुष्टिको अन्वेषण गर्न गुणात्मक अनुसन्धान विधि प्रयोग गरेको छ। प्रदेशका भौगोलिक विविधताहरूलाई समेट्नका लागि यी जिल्लाहरूलाई उद्देश्यात्मक रूपमा चयन गरिएको हो। यसमा हिमाल, पहाड र तराईका क्षेत्रहरू समावेश गरिएका छन्। प्रत्येक जिल्लामा एक नगरपालिका र एक गाउँपालिका गरी कुल १० ओटा स्थानीय तहहरूमा यो अध्ययन गरिएको छ। कूल २० ओटा समूहगत छलफल गरिएको थियो जसमा १ सय ३२ सहभागीहरू थिए । यसलाई आर्थिक समूह (किसान, व्यवसायी, निजी क्षेत्रका सरोकारवालाहरू) र सामाजिक-राजनीतिक समूह (महिला, युवा, सीमान्तकृत समुदायका प्रतिनिधिहरू, राजनीतिक कार्यकर्ता) मा विभाजन गरिएको थियो । त्यस्तै २४ जना

प्रमुख सूचनादातासँग अन्तर्वार्ता लिइएको थियो । जसमा निर्वाचित जनप्रतिनिधि, सरकारी अधिकारी, सामुदायिक अगुवा र सञ्चारकर्मीहरू समावेश थिए । असन्तुष्टिका धारणा, कारण, व्यक्त गर्ने तरिका र तिनका प्रभावहरू बारे जानकारी लिन अर्ध-संरचित प्रश्नावलीको प्रयोग गरिएको थियो ।

यो अध्ययनले गण्डकी प्रदेशबाट गुणात्मक दृष्टिकोणहरू प्रस्तुत गरे तापनि, यसका निष्कर्षहरू निश्चित सीमितताहरूको अधीनमा रहेका छन् । जसमा परिणामहरूको सीमित सामान्यीकरण, समूह संरचनाका कारण सम्भावित पूर्वाग्रहपूर्ण प्रतिक्रिया र व्यक्तिगत धारणा तथा अनुभवको विषयगत स्वभाव समावेश भएका कारण विभिन्न सन्दर्भहरूमा यसको निष्कर्ष फरक हुन सक्छ ।


## अध्ययनका प्रमुख निष्कर्षहरू

### नागरिक सन्तुष्टिका विषयहरू



स्थानीय प्रशासनिक प्रक्रियाहरू सहज बनाइएको, सडक, बिजुली, खानेपानी तथा स्वास्थ्य सेवाजस्ता पूर्वाधारमा देखिने गरी भएको सुधारलाई नागरिकहरूले सराहना गरेका छन् । स्थानीय स्तरमै सेवा पाउन सकिने सुविधालाई उल्लेखनीय प्रगतिको रूपमा बारम्बार उल्लेख गरिएको थियो । वडाध्यक्षहरूलाई सर्वसाधारणले सजिलै भेट्न सक्ने, गुनासा सुन्ने र विवाद समाधानमा सक्रिय भूमिका खेल्ने भनेर सकारात्मक रूपमा हेर्ने गरिएको पाइयो । प्रत्येक स्थानीय स्तरमा गठन भएका न्यायिक समितिहरूको केही कार्यात्मक कमजोरीहरूको बाबजुद पनि, जनताले यसको स्थापनाले विगतको तुलनामा न्याय समुदायहरूको नजिक ल्याएको महसुस गरेका छन् । कोभिड-१९ महामारीका समयमा स्रोत परिचालन र राहत कार्यहरू व्यवस्थापन गर्ने क्षेत्रमा स्थानीय सरकारले देखाएको प्रभावकारी नेतृत्वको प्रशंसा गरिएको पनि पाइयो ।

### नागरिक असन्तुष्टिका विषयहरू



सार्वजनिक सेवा प्रवाह, स्पष्ट रूपमा, नागरिक असन्तुष्टिको एक महत्वपूर्ण क्षेत्रको रूपमा देखा परेको छ । नागरिकहरूले स्थानीय सरकारी कार्यालयहरूको पहुँचमा सुधार भएको स्वीकार गरे तापनि, उनीहरूले निरन्तर प्रशासनिक बिलम्वप्रति निराशा व्यक्त गरेको पाइयो । शिक्षा, रोजगारी र सेवा प्रवाह लगायतका महत्वपूर्ण क्षेत्रहरू भन्दा भौतिक पूर्वाधारमा धेरै जोड दिइएको भन्दै आलोचना गरेको पाइयो । सेवा वितरणमा भौगोलिक असमानताले नागरिक असन्तुष्टिलाई अझ बढाएको देखियो । ग्रामीण समुदायहरूले शहरी केन्द्रहरूको तुलनामा बढ्दो रूपमा बेवास्ता गरेको महसुस गरेको पाइयो ।


प्रदेश र केन्द्र सरकारले स्थानीय आवश्यकतालाई ख्याल नगरेको नागरिकहरूले बताए । नागरिकहरूद्वारा प्रदेश सरकारको प्रभावकारिता प्रत्यक्ष नदेखीएको र यसलाई महत्वकांक्षी योजनाका रूपमा मात्र हेरिएको पाइयो । त्यस्तै गरी, नीतिगत छलफल र निर्णय प्रक्रियामा नागरिकको न्यून सहभागिता रहेको पाइयो ।

क्षेत्र-विशिष्ट विश्लेषणले शिक्षा, स्वास्थ्य र रोजगारीका क्षेत्रहरू भित्र रहेका समस्याहरूसँग नागरिक निराश रहेको पाइयो । वर्तमान शिक्षा प्रणालीले रोजगारी सिर्जना गर्न नसकेको र यसमा राजनीतिकरण भएको प्रति चासो व्यक्त

गरिएको थियो । स्वास्थ्य सेवाहरूमा चिकित्सा कर्मीहरूको अभाव तथा अपर्याप्त बीमाको सामना गर्दै आएको जसले गर्दा नागरिकले महँगो निजी विकल्पहरूमा भर पर्नु पर्ने बाध्यता प्रति निराशा व्यक्त गरेको पाइयो ।

आर्थिक परिदृश्यले नागरिकहरू र स्थानीय व्यवसायहरूका लागि थप चुनौतीहरू प्रस्तुत गरेको देखियो । अत्यधिक र विभिन्न शीर्षकमा कर सङ्कलन गरिएको भनी आलोचना गरेको पाइयो । कृषि उत्पादकहरूले सीमित बजार पहुँचसँग संघर्ष गरेका र राजनीतिक पक्षपातले आर्थिक अवसरहरूलाई विकृत गरेको अनुभव व्यक्त गरे । यस्ता र अन्य आर्थिक तथा सामाजिक दबाबहरूले युवाहरू अन्यत्र अवसरहरू खोज्दै विदेशिने प्रवृत्तिमा योगदान पुऱ्याएको देखियो ।

## असन्तुष्टि व्यक्त गर्ने तरिकाहरू



आफ्ना असन्तुष्टि व्यक्त गर्न नागरिकहरूले विभिन्न औपचारिक तथा अनौपचारिक माध्यमहरू प्रयोग गरेको पाइयो । जसअन्तर्गत औपचारिक गुनासो दर्ता गर्नु, सार्वजनिक सुनुवाइमा सहभागिता जनाउनु, सामाजिक सञ्जालको प्रयोग प्रमुख माध्यमहरू थिए । सार्वजनिक प्रदर्शन र मिडियाको संलग्नता पनि गुनासो व्यक्त गर्ने माध्यमका रूपमा थिए । सरोकारवाला निकायहरूसँग प्रत्यक्ष संवाद गर्ने प्रयास (जस्तै सार्वजनिक सुनुवाइ) प्रचलित भए तापनि उठाइएका मुद्दाहरूमा सरोकारवाला निकायले आवश्यक प्रतिक्रिया नदिने गरेका कारण ती प्रायः प्रभावकारी नरहेको अनुभव गरेको पाइयो । ग्रामीण क्षेत्रमा हुने राजनीतिक पक्षधरताले स्थानीय प्रयास तथा प्रभावकारिता कमजोर रहेको पाइयो । जसका कारण धेरै नागरिकले प्रत्यक्ष संवादमा निर्भर रहनु परेको बताए । यी चुनौतीहरूका बाबजुद, स्थानीय तहमा गरिएको परिचालनले असन्तुष्टिहरू उजागर गर्न र एकबद्ध भई पैरवी गर्न महत्वपूर्ण भूमिका खेलेको पाइयो ।


आफ्नो असन्तुष्टि सामाजिक सञ्जालबाट व्यक्त गर्ने नागरिकहरूले प्रायः धम्कीपूर्ण व्यवहार जस्ता गम्भीर प्रतिकूल प्रतिक्रियाहरू भोग्नुपर्ने अवस्था देखिएको पाइयो । राजनीतिक व्यक्तित्वहरूको आलोचना गर्नेहरूले अनलाइन माध्यमहरूबाट दुर्व्यवहार र डरको सामना गर्नुपरेको जसले गर्दा केहीले सामाजिक सञ्जाल बन्द गर्न बाध्य हुनुपर्ने अवस्था सिर्जना भएको पाइयो । राजनीतिक प्रतिशोधको कारण स्रोतसाधन, अवसर र रोजगारीबाट पनि बहिष्कृत हुन परेको, एक प्रकारको डरको वातावरण सिर्जना गरेको र अभिव्यक्ति स्वतन्त्रतालाई अझ बढी निष्क्रिय गरेको देखियो ।

## असन्तुष्टि व्यक्त गर्दाको परिणामहरू



आफ्नो असन्तुष्टि सामाजिक सञ्जालबाट व्यक्त गर्ने नागरिकहरूले प्रायः उत्पीडन र धम्कीपूर्ण व्यवहार जस्ता गम्भीर प्रतिकूल प्रतिक्रियाहरू भोग्नुपर्ने अवस्था देखिएको पाइयो । राजनीतिक व्यक्तित्वहरूको आलोचना गर्नेहरूले अनलाइन माध्यमहरूबाट दुर्व्यवहार र डरको सामना गर्नुपरेको जसले गर्दा केहीले सामाजिक सञ्जाल बन्द गर्न बाध्य हुनुपर्ने अवस्था सिर्जना भएको पाइयो । राजनीतिक प्रतिशोधको कारण स्रोतसाधन, अवसर र रोजगारीबाट पनि बहिष्कृत हुन परेको, एक प्रकारको डरको वातावरण सिर्जना गरेको र अभिव्यक्ति स्वतन्त्रतालाई अझ बढी दमन गरेको देखियो ।

## गुनासो व्यवस्थापन प्रणाली



सार्वजनिक सुनुवाइ र सहयोग डेस्कजस्ता विद्यमान प्रणालीहरू सुस्त, प्रभावहिन र राजनीतिक छायाँबाट मुक्त हुन नसकेको बताइयो । सञ्चारमाध्यम वा राजनीतिक समूहले विषयहरू उठान गरेपछिमात्रै प्रायः गुनासोहरूको सम्बोधन हुने गरेको उत्तरदातहरूले बताए । सार्वजनिक सुनुवाइहरूमा राजनीतिक कार्यकर्ताहरूले प्रभुत्व जमाएको र गुनासो सुन्ने प्रणाली उपयोगी नभएको देखियो । टोल तथा वडास्तरीय बैठकहरूले नागरिकलाई समस्याहरू उठाउन मौका दिएको भएता पनि समस्या समाधान विरलै हुने गरेको देखियो । प्रणालीगत असन्तुष्टि समाधानका लागि प्रदेश र केन्द्र सरकारले नीतिगत कदम चाल्न आवश्यक देखिएको भए पनि ती नागरिकको पहुँचमा नभएको पाइयो ।

# निष्कर्षहरूको विश्लेषण

### असन्तुष्टिका स्रोतहरू

नेपालको संविधान २०७२ जारी भएपछि नेपालमा औपचारिक रूपमा सङ्घीय शासन व्यवस्थाको शुरुआत भएता पनि यो व्यवस्थामा पनि नागरिकहरूको सामाजिक-आर्थिक अवस्थामा अपेक्षाअनुसार सुधार हुन नसक्दा नागरिक तहमा असन्तुष्टि सिर्जना भएको देखिन्छ । नागरिकले सरकारी तथा प्रशासनिक अनिपुणता, भ्रष्टाचार र कमजोर सेवा प्रवाहको सामना गर्नु परिरहेको छ । स्रोतहरूको असमान वितरण र प्रशासनिक प्रक्रियाहरूमा रहेको अक्षमता, विशेषगरी युवाहरूको उच्च आप्रवासनजस्ता पक्षहरूले यसलाई अझ जटिल बनाएको छ । निर्वाचित प्रतिनिधिहरूले चुनावका समयमा गरेका बाचाहरू पूरा हुन नसक्नु र स्थानीय सरकारलाई लगाइएका वित्तीय र प्रशासनिक सीमाका कारण सार्वजनिक अपेक्षा र यथार्थबीचको दूरी बढाएको छ । प्रभावकारी सञ्चारको अभाव र सुस्त प्रशासनिक प्रक्रियाले नागरिकको विश्वासमा कमी ल्याएको छ । यस्ता विषयमा अर्थपूर्ण परिवर्तन हुन नसक्दा नागरिकमा असन्तुष्टि चुलिएको छ ।

### असन्तुष्टिको चक्र

कुनै पनि सानो समस्या, जसको समयमै सम्बोधन नगरिए असन्तुष्टिको सुरूआत हुन्छ । गुनासो सुन्ने कमजोर प्रक्रिया, प्रशासनिक सुस्तता र राजनीतिक हस्तक्षेप बढ्दै जाँदा प्रणालीमाथि नै प्रश्न चिन्ह लाग्ने हुन्छ । समयसँगै यसले निरन्तर असन्तुष्टिको सिर्जना गर्छ । जसका कारण व्यक्तिहरू नागरिक संलग्नताबाट नै बाहिरिन थाल्छन् र कति अवस्थामा प्रदर्शनमा संलग्न हुन थाल्छन् । व्याप्त गुनासाको प्रसारणमा सामाजिक सञ्जालहरूले भूमिका निर्वाह गर्छन् तर सामाजिक सञ्जालबाट आउने सूचना कतिपय बेला गलत पनि हुन सक्छन् । संस्थागत प्रतिक्रिया नहुँदा असन्तुष्टि गहिरो निराशामा परिवर्तन हुन पुग्छ । दीर्घकालीन असन्तुष्टिले अन्ततः लोकतान्त्रिक मान्यताप्रतिको विश्वासमा ह्रास ल्याउँछ । यसले सामाजिक अशान्तिको अवस्था सिर्जना गर्छ भने कहिलेकाहीँ राजतन्त्रका लागि गरिएका आह्वानजस्ता राजनीतिक परिवर्तनको पश्चगामी सम्भावनातर्फ डोऱ्याउन सक्छ ।

### शक्ति र अधिकारमा रहेका व्यक्तिहरू

सरकारी कार्यालयहरूमा रहेका अधिकारी र जनप्रतिनिधिहरूसँग सम्बन्धित गुनासाहरू बढी देखिएका छन् । सत्ता र शक्तिप्रति असन्तुष्टि मुख्य रूपमा असमान स्रोत वितरण, सेवामा पक्षपात र विशेष गरी स्थानीय तहको प्रणालीमा पहुँचको कमीका कारण उत्पन्न भएको देखिएको छ । यसको गुनासो नागरिकले औपचारिक माध्यमको सट्टा सामाजिक सञ्जाल मार्फत व्यक्त गर्न थालेका छन् । राजनीतिक विपक्षी दलहरूले सरकारको आलोचना गर्ने, सीमान्तकृत समुदायहरूले भेदभावविरुद्ध आन्दोलन गर्ने र नागरिकले प्रशासनिक सेवाहरूको विरोध गर्ने गरेका घटनाहरूलाई उदाहरणका रूपमा लिन सकिन्छ । बढ्दो असन्तुष्टिले वैकल्पिक नेतृत्वको आवश्यकता र औचित्य स्थापित गर्न मद्धत पुऱ्याउन सक्छ । परम्परागत

सत्ता संरचनाप्रति विश्वासको सङ्कट र त्यससँगको असहमतिले शासकीय ढाँचाप्रति जनताको असन्तुष्टि र असहमति मुखरित भएको छ ।

## सामाजिक सद्भाव र नागरिक असन्तुष्टि

गण्डकी प्रदेशमा (मुख्यत: यो अनुसन्धानका लागि छनोट गरिएका जिल्लाहरू) सामाजिक सद्भाव कायम रहेको देखाएको छ । तर, राजनीतिक र आर्थिक समस्याहरूले सामाजिक एकतालाई क्रमश: कमजोर बनाउँदै लगेको हो की भन्ने तर्फ अनुसन्धानले सङ्केत गरेको छ । स्थानीय स्तरमा राजनीतिक असहिष्णुताका कारण नागरिकबिचमै ध्रुवीकरण बढ्दै गई राष्ट्रिय स्तरका द्वन्द्वभन्दा पनि गहिरो सामाजिक बिखण्डन सिर्जना गर्न सक्ने सङ्केत पाइन्छ । शासनका कमजोरीहरू र आर्थिक असन्तुष्टि सामाजिक अशान्तिमा रूपान्तरण हुन सक्ने सम्भावना छ, जसले समुदायको विश्वास र सामूहिक कार्यक्षमतालाई न्यून पार्न सक्छ । यस्ता प्रणालीगत समस्याहरूको समाधान नगरिए विकासका प्रयासहरू अवरुद्ध हुने र स्थानीय शासन अस्थिर बन्ने सम्भावना रहन्छ ।

## अप्रभावकारी शासन संयन्त्रहरू

नेपालको तीनै तहको शासन प्रणालीमा देखिँदै आएको संस्थागत कमीकमजोरी र जबाफदेहिताको कमीजस्ता कारणले नागरिकहरू असन्तुष्ट हुनुमा मद्दत गरेको पाइयो । स्रोतको सीमा, असमान वितरण र नीतिगत कमजोरीले कार्यप्रणालीको विश्वासमा क्षति पुर्‍याएको छ । स्थानीय सरकारहरूले प्राकृतिक स्रोतबाट राजस्व सङ्कलन गर्दा पनि वित्तीय अभाव झेलिरहेका छन् । उदाहरणका लागी अन्नपूर्ण संरक्षण क्षेत्र परियोजना र स्थानीय पालिकाहरूबीचको द्वन्द्वले नदीहरूबाट बालुवा उत्खननजस्ता आयआर्जनका गतिविधिमा स्थानीय तहले अवरोधको सामना गर्नुपरेको छ । प्रकृति संरक्षणका नाममा भएको अवरोधले सामुदायिक विकासमा बाधा पुगेको भन्ने गुनासो व्याप्त रहेको छ ।

## अपर्याप्त नागरिक सहभागिता र संलग्नता

नागरिकमा देखिएको असन्तुष्टिले नागरिक सहभागितामा कमी ल्याउन मद्दत पुर्‍याएको देखिन्छ । युवाले आफूहरूलाई निर्णय प्रक्रियाबाट अलग पारिएको महसुस गरेको र सरकारप्रति अविश्वास गरेको देखिन्छ । जब नेतृत्वले जनताको सुझावलाई बेवास्ता गर्छ तथा विपक्षीको आवाजलाई नजरअन्दाज गरी राजनीतिक रूपमा जोडिएका समूहलाई प्राथमिकता दिन्छ, त्यसले आमनागरिकमा कुशासन र भ्रष्टाचार भएको आशंकाप्रतिको धारणा बलियो बनाउन सघाउँछ । सामुदायिक सहभागितालाई उजागर गर्ने नागरिक समाज सङ्कुचित हुँदै गएको देखिन्छ । यसले सामाजिक एकतालाई कमजोर पार्छ भने न्यून सहभागितालाई बढावा दिँदै शासन र लोकतान्त्रिक प्रक्रियाहरूलाई कमजोर पार्छ । तसर्थ, सार्थक समावेशीकरण नभएको अवस्थामा असन्तुष्टि गहिरिँदै जान्छ । यसले नेपालको नागरिक संलग्नताको प्रकृयामा दीर्घकालीन क्षति पुर्‍याउँछ ।

## बढ्दो युवा पलायन

नेपालमा युवाको पलायनले शासनको असफलतालाई प्रतिबिम्बित गर्छ । युवाले बेरोजगारी, न्यून ज्याला र अवसरहरूमा अभावको सामना गरिरहेका छन् । तसर्थ विदेशिनुलाई युवाहरूले एकमात्र व्यवहारिक विकल्पको रूपमा हेर्ने गरेका छन् । ठूलो सङ्ख्यामा दक्ष कामदारहरूको पलायनले समुदायलाई कमजोर बनाउँछ । यसले स्थानीय शासनको जवाफदेहितालाई कमजोर बनाउँछ भने सामाजिक संरचनाहरूमा बाधा पुर्‍याउँछ । दक्ष मानवीय स्रोतको कमीले कमजोर समूहको स्वास्थ्य सेवामा पहुँच घटेको छ भने, विकास परियोजना, कृषिजन्य कार्य तथा अन्त्येष्टि संस्कारमासमेत समस्या देखिन छन् । स्वदेश फर्केकाहरूले सीप ल्याए तापनि पुन:एकीकरण कार्यक्रम र आर्थिक प्रोत्साहनको अभावले पुन: विदेशिन बाध्य हुनुपर्ने चक्रले निरन्तरता पाइरहेको छ । देशभित्र बस्दा फाइदा नहुने भन्दै परिवारले नै युवालाई देश छोड्न दबाब दिइरहेको पाइन्छ । रोजगारी सिर्जना गर्ने र जीवनस्तर उकास्नेजस्ता कार्य नगरेसम्म यो प्रकृयामा कमी आउने छैन । यसले देशको सामाजिक र आर्थिक संरचनालाई क्रमश: क्षयीकरण गरिरहेको छ ।

# सुझावहरू:

१. तीनै तहका सरकारको भूमिका तथा जिम्मेवारीलाई स्पष्ट रूपमा परिभाषित गरी तीनै तहबीचको सहकार्यलाई मजबुत बनाउन जरुरी देखिन्छ । यसले नागरिकको अपेक्षा पूर्ति गरी, शासकीय व्यवस्था सुधार गर्न र निर्धारित भूमिकाहरूका आधारमा सबै तहमा शक्ति र स्रोतहरूको न्यायपूर्ण वितरण सुनिश्चित गर्न मद्दत पुऱ्याउँछ ।

२. व्यापार सुदृढीकरणका लागि पहलहरू गर्ने, दर्ता प्रक्रियालाई मूलधारमा ल्याउने, एकद्वार सेवा प्रवाहको निर्माण गरी उद्यमीलाई अनुदानको व्यवस्थासहितको मजबुत आर्थिक विकासको पहल गर्नु जरुरी छ । स्थानीय उत्पादनको वृद्धि तथा बजारको सुनिश्चितता, स्थानीय व्यवसायी तथा उद्यमीहरूको संरक्षण गर्न प्रशासनिक अवरोध हटाउने अनि वित्तीय तथा प्रणालीगत सुधार गर्नुपर्छ ।

३. पक्षपातरहित उपायहरूलाई मजबुत बनाउन आवश्यक देखिन्छ । पारदर्शी स्रोत वितरण सुनिश्चित गर्न, योग्यतामा आधारित चयन प्रणाली मजबुत गर्न, स्वतन्त्र अनुगमन निकायहरूको स्थापना गर्न र लाभग्राहीहरूको विवरण सार्वजनिक गर्न आवश्यक छ ।

४. नागरिकको सहभागिता बढाउन सार्वजनिक सुनुवाइ, सहभागितात्मक बजेटिङ, नागरिक र सरकारबीच निरन्तर संवाद गर्ने प्रकृयाको थालनी गर्नुपर्छ । नागरिक समाज सङ्गठनहरूको सुदृढीकरण गर्न राजनीति हस्तक्षेप मुक्त नागरिक समाजका लागि पहल गर्नुपर्छ ।

५. कर सङ्कलनमा देखिएको जटिलता कम गर्न, राजस्वको प्रयोगमा पारदर्शिता सुनिश्चित गर्न, साना तथा स्थानीय व्यवसाय प्रवर्द्धन गर्न प्रगतिशील संरचनाहरू कार्यान्वयन गर्न र कर बाँडफाँडका लागि स्पष्ट निर्देशिकाहरू तयार पारी लागु गर्न आवश्यक छ ।

६. युवाको पलायन रोक्ने कार्यक्रमलाई सुदृढ बनाउन आवश्यक देखिन्छ । शिक्षालाई रोजगारको आवश्यकतासँग तालमेल गर्न, समयसापेक्ष पारिश्रमिक निर्धारण गर्न स्थानीय स्टार्टअप इन्क्युबेशन (क्तबचतगउ क्षलअगदबतष्यल) केन्द्रहरू स्थापना गर्न, बजारमुखी सीप प्रशिक्षण प्रदान गर्न र फर्किएका आप्रवासीहरूको सीपको उपयोग गर्ने नीति तथा कार्यक्रम तय गर्न आवश्यक छ ।

७. नागरिकमा व्याप्त असन्तुष्टिको मुख्य कारण कमजोर सार्वजनिक सेवा प्रवाह रहेकाले यसको सुधार अत्यन्त आवश्यक छ । यसका लागि सेवा गुणस्तर मापदण्डहरू निर्धारण गर्ने, अनिवार्य सार्वजनिक लेखाजोखासहितको मापदण्डहरू लागु गर्ने, स्वास्थ्य, शिक्षा र पूर्वाधार क्षेत्रमा विशेष ध्यान दिनु जरुरी छ । नागरिक प्रतिक्रिया तथा गुनासो सुन्ने प्रणाली विकास गर्नुपर्ने आवश्यकता रहेको छ ।

८. सार्वजनिक गुनासो सुन्ने प्रणालीलाई सुधार गर्न जरुरी देखिन्छ । सबै सेवा प्रदायक निकायहरूमा डिजिटल प्रणाली स्थापना गर्नुका साथै प्रशिक्षित कर्मचारीहरू र पारदर्शी प्रक्रिया अवलम्बन गर्नु पर्छ । यसले शासनप्रति विश्वास पुनःस्थापित गर्न र असन्तुष्टिलाई कम गर्न मद्दत पुऱ्याउँछ । नागरिकका गुनासोहरूको अर्थपूर्ण समाधान सुनिश्चित गर्नुपर्छ ।


Centre for Social Change
सामाजिक परिवर्तन केन्द्र

Gahanapokhari Marg-5, Kathmandu
(977) 9841370244
contact@socialchange.org.np
www.socialchange.org.np

PURAK ASIA

77 Kunwar Marg, Kathmandu-31, Nepal
(977) 1 4564599
info@purakasia.org
www.purakasia.org



यो अध्ययनलाई पुरक एशियाले सहयोग गरेको थियो । यस प्रकाशनमा व्यक्त गरिएका विचारहरू लेखकहरूका हुन् र यसले पुरक एशियाको आधिकारिक नीति वा स्थितिलाई प्रतिबिम्बित गर्दैन ।